# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८२/०८३
च.नं. : १३३

मिति:-२०८२/०५/०१
ने.सं.११४५ गुंलागा-०९, आइतबार

बिषय:-भूमि समस्या आयोगको सूचना सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
मनहरी गाँउपालिका,मकवानपुर ।

प्रस्तुत बिषयमा भूमि समस्या समाधान आयोग तहाचल,काठमाण्डौद्धारा मिति २०८२/०४/३० मा प्रकाशित सूचनाको प्रतिलिपी यसैसाथ पठाईएको ब्यहोरा जानकारीकोलागी अनुरोध छ । सूचनाको ब्यहोरा अबगत गर्नुभइ भूमि समस्या समाधान आयोग गठन हुनुभन्दा अघिका आयोग,समिति र कार्यदलबाट निबेदन संकलन पश्चात जग्गाहरुको स्वामित्व वा दर्ता,श्रेष्ता वा नक्सा प्रमाणीत लगायत बिषयमा कुनै समस्या भए सुचनाको मितिले ३५ दिन भित्र अर्थात २०८२ आश्विन २ गते सम्ममा बिगतका आयोग,समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धि कार्यबिधि-२०८१(यो कार्यबिधि www.lirc.gov.np मा छ) को अनुसुची-२ बमोजिमको ढाँचामा भूमि समस्या समाधान आयोग जिल्ला समिति मकवानपुरमा अबिलम्ब पेश गर्ने गरि सम्वन्धित वडावासीलाई सुसूचित गर्ने ब्यबस्थाकोलागी आदेश अनुसार अनुरोध छ ।साथै यस कार्यालयको मिति २०८२/०१/१६ को पत्रबाट अनुरोध भए बमोजिम मनहरी गाउँपालिका अन्तरगत रहेका केही "भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी"को निबेदन यस अघि लगत संकलन कार्यमा छुट भएको बुझिएकोले पुनः अन्तिम एक पटकको लागि आवेदन दिने ३५ दिने म्याद सहितको सूचना प्रकाशन भएको हुँदा त्यसरी अझै सम्म छुट हुन पुगेका परिवारको २०८२ आश्विन २ गते सम्म अनुसूची-३ वा अनुसूची-४ भरी नियमानुसार निबेदन संकलन गर्ने कार्य गर्न हुन समेत जानकारीकोलागि अनुरोध छ ।

पुनश्चःयस्तो सूचना मनहरी गाउँपालिकाको हकमा अन्तिम पटकको भएको र अब उप्रान्त निबेदन दिने सम्बन्धि सूचना प्रकाशन नहुने भएकोले व्यापक प्रचार प्रसार सहित सम्बन्धितमाझ जानकारी गराउने व्यवस्थाकोलागि समेत अनुरोध छ ।

२०८२/५/१

राजेन्द्र भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

फोन नं. ०१-४३१२९२२/४३१२९३६

## विगतका आयोग, समिति र कार्यदलका बाँकी कामको लागि निवेदन दिने सम्बन्धी अन्तिम पटकको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति : २०८२/०४/३०**

मिति २०३३/०१/०१ भन्दा अगाडि प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, कार्यदल र समितिबाट वितरण गरेका जग्गाहरूको स्वामित्व वा दर्ता संस्ता वा नक्सा प्रमाणित नगराएका विषयमा हुने समस्या भए आवश्यक प्रमाण कागजातसहित विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा यस आयोगको सम्बन्धित जिल्ला समितिको सचिवालयमा मिति २०८२/०४/३० देखि ३५ (पैंतीस) दिनभित्र निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

## भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका नगर सहजकर्ता मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।